नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
वैदेशिक रोजगार विभाग
# ई.पी.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

## पानीजहाज (Shipbuilding) क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS-TOPIK-2023, UBT) को नतिजा प्रकाशन तथा छनौट भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण र रोजगार आवेदन फाराम (Job Application Form) दर्ता गर्ने सम्बन्धि सूचना!

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MOU) अनुरुप रोजगार अनुमती प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्न HRD Service of Korea बाट २०८०।०८।२४ देखि २०८०।०८।२८ (तदानुसार ई. स. 10 December, 2023 देखि 14 December, 2023) सम्म सम्पन्न भएको सीप परीक्षण (Skill Test) मा सहभागी मध्ये यसै साथ संलग्न सूची वमोजिम ३,९८९ जना परीक्षार्थिहरु रोजगार आवेदन फाराम भर्न सफल भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उतिर्ण हुनु भएका ब्यक्तिहरुको दक्षिण कोरियामा रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत रोष्टरमा सूचिकृत प्रकृयाको लागि स्वस्थ्य परीक्षण र रोजगार आवेदन फाराम (Job Application Form) दर्ता गर्ने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१) स्वास्थ्य परीक्षण (Medical Check Up) गराउन जाँदा आवेदकले निम्न कागजातहरु अनिवार्य रुपमा लिई जानु पर्नेछ।**

a. दरखास्त फाराम भर्दा पेश गरेको राहदानीको सक्कल प्रति।
b. EPS-TOPIK परीक्षणको प्रवेश पत्र।
c. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
d. स्वास्थ्य परीक्षण शुल्क वापत रु. ७,३०० सम्वन्धित स्वास्थ्य संस्थावाट तोकिएको बैंक वा स्वास्थ्य संस्थाको काउण्टरमा बुझाउनु पर्नेछ।
e. स्वास्थ्य परीक्षणको रिपोर्ट सम्वन्धित अस्पतालवाटै प्राप्त हुने भएकोले सम्वन्धित उम्मेदवारहरले रिपोर्ट लिन अस्पातालमा नगदी रसिद वा बैंकमा बुझाएको भौचर लिई तोकिएको मिति र समयमा सम्वन्धित अस्पतालमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।
f. स्वास्थ्य परीक्षण वारेको अन्य जानकारी सम्वन्धित अस्पतालवाट उपलब्ध हुनेछ।
g. सम्वन्धित व्यक्तिहरुले स्वास्थ्य परीक्षणका लागि तोकिएको अस्पतालमा स्वस्थ्य परीक्षण हुने मितिमा सम्पर्क राख्नु पर्नेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा
वैदेशिक रोजगार विभाग
ई.पि.एस. शाखा

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

वैदेशिक रोजगार विभाग

# ई.पी.एस.कोरिया शाखा

**ग्वार्को, ललितपुर ।**

२) स्वास्थ्य परीक्षण तालिकाः

| सि.न. | मिति | पाटन अस्पताल, लगनखेल | | शुक्रराज ट्रपिकल अस्पताल, टेकु | | नेपाल कोरिया मैत्री अस्पताल, भक्तपुर | | निजामती अस्पताल, मिनभवन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सि.नं. | | सि.नं. | | सि.नं. | | सि.नं. | |
| | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| १ | २०८०/०९/१७ | १ | ५०० | ५०१ | ८३३ | ८३४ | ११६६ | ११६७ | १४९९ |
| २ | २०८०/०९/१८ | १५०० | १९९६ | १९९७ | २३२९ | २३३० | २६६२ | २६६३ | २९९५ |
| ३ | २०८०/०९/१९ | - | - | २९९६ | ३३२६ | ३३२७ | ३६५७ | ३६५८ | ३९८९ |

<u>पुनश्चः</u>

- उतिर्ण हुनुभएका व्यक्तिहरुको सि.नं. अनुसारको नामावली यसैसाथ प्रकाशित गरिएको छ।
- सम्वन्धित अस्पतालले जानकारी गराए अनुसार स्वास्थ्य परीक्षण गर्नु २ दिन पूर्व देखि सादा खाना खाने (माछा, मासु, मदिरा नखाने)
- स्वस्थ्य परीक्षण गर्न जाँदा आफुलाई सजिलो हुने लुगा (जस्तै ट्राउजर, भेष्ट) लगाएर जाने।

३) रोजगार आवेदन फाराम (**Job Application Form**) दर्ता तालिकाः

मिति २०८० पुस २२ देखि माघ ३ (तदनुसार सन् २०२४, जनवरी ७ देखि जनवरी १७) सम्म अनलाइन मार्फत रोजगार आवेदन फाराम (Job Appkication Form) दर्ता गर्नु पर्नेछ। रोजगार आवेदन फाराम यस शाखाको वेभसाइट https://epsnepal.gov.np/ मा गई भर्नु पर्नेछ। फाराम भर्ने तरिका https://epsnepal.gov.np/jobappform-online/ मा गई हेर्न सकिनेछ।

<u>आवेदन साथ संलग्न गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु</u>

१) राहदानीको रंगिन प्रतिलिपि (राहदानीको वहाल अवधी कम्तिमा एक वर्ष रहेको)।

२) स्वास्थ्य परीक्षण प्रमाणपत्रको सक्कलै प्रति।

३) प्रहरी प्रतिवेदनको सक्कलै प्रति।

४) आवेदन फाराम वापतको शुल्क तिरेको भौचर। (शुल्क संलग्न अनलाईन पेमेन्ट गेटवेवाट अमेरिकी डलर ५ बराबर अघिल्लो दिनको नेपाल राष्ट्र बैंकले तोकिएको सटही दरले हुन आउने नेपाली रुपैया तिर्नु पर्ने छ।)

५) हालसालै खिचिएको पासपोर्ट साईजको रंगिन फोटो। (दुवै कान देखीने, सेतो पृष्ठभूमी भएको, Upper Chest देखिने, सेतो कपडा नलगाएको, अनुहार प्रष्ट देखिने)

२०८०।९।१३

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग ई.पि.एस. शाखा